# ४. फलदायीपनको समझ (भाग ३)
# बोलावट र लक्षहरु

क. मुख्य पदहरु

एफिसी ४:१-१६
एफिसी ५:१५-१६
यर्मिया १:४-१०
२पत्रस १:१०–११
फिलिप्पी ३:१२-१६

ख. परिचय

परमेश्वरको बोलावट सार्वभौम अनुग्रहको काम हो भन्ने कुरा बुझ्नु आवश्यक छ. उहाँले धेरै योग्य मानव दृष्टिमा निकै लाभदायक देखिने जस्ता व्यक्तिहरुलाई छान्नुहुन्न. परमेश्वरको बोलावटको सम्बन्धमा एउटा गहिरो रहस्य छ जुन उहाँको हृदयमा मात्र बुझ्न सकिन्छ.

*"तर ख्रीष्टको वरदानको नाप अनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ ...अनि उहाँका वरदानहरु चाहिँ कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनुन्."* (एफिसी ४:७,११)

ख्रीष्टको शरीरमा सेवकाईको निम्ति पाँच किसिमले कार्य विभाजन गरिएको छ. येशू मानिसहरुलाई सेवकाईका यी बोलावटहरुमा नियुक्त गर्नुहुन्छ. परमेश्वरको बोलावटको कसैले पनि नक्कल गर्न सक्दैन. सेवकाईमा भएको उहाँको बोलावट एउटा बीऊ जस्तै हो. यसभित्र सेवकाईको आकार, रंग र गुण समावेश भएको हुन्छ. जब हामीलाई उहाँले एउटा सेवकाईमा बोलाउनुहुन्छ हामीभित्र त्यस बोलावटमा सफलता र फलदायीपन कार्यान्वयन हुनको निम्ति आवश्यक सबै तत्वहरु समावेश गरिदिनु भएको हुन्छ. त्यो बोलावटलाई मल-जल गरेर उहाँको रफ्तारमा बढाउदै र परमेश्वरमा आज्ञाकारी हुदै उहाँले अह्राउनु भएको काममा लाग्नु हाम्रो जिम्मेवारी हो.

पवित्र आत्माको वरदान हुनु (१कोरिन्थी १२:७-११) र मण्डली (शरीर) को वरदान (Body Gift) मा एउट स्पष्ट अन्तर छ (एफिसी ४:७-१३).

Body Gift हरु हामीलाई पवित्र आत्माले एउटा खास समयमा परमेश्वरको निम्ति केही उपलब्धि हासिल गर्नका निम्ति दिनुभएको हो. परमेश्वरको काम गर्नको निम्ति वरदान देखापर्छ र त्यसपछि गइहाल्छ. अस्थायी रुपमा यसले हामीलाई अख्तियार प्रदान गर्छ. तर सेवकाईको निम्ति बोलावटमा अर्कै कुरा हुन्छ. जो व्यक्तिको यी पाँच सेवकाईमध्येको एकमा बोलावट भएको छ सधैंको निम्ति उक्त बोलावट त्यस व्यक्तिमा रहनुपर्छ. तिनीहरुमा Body Gift ले काम गरेको वा नगरेको पनि हुन सक्छ तर तिनीहरु आफ्नो सेवकाईको बोलावट अनुसार जिएको र त्यसैमा काम गरिरहेको हुनुपर्छ. वास्तवमा भन्ने हो भने आफ्नो सेवकाईमा सघाउ पुऱ्याउन Body Gift तिनीहरुमा सधैं उपलब्ध भइरहेको हुनुपर्छ (१कोरिन्थी १२:२७). पवित्र आत्माबाट प्राप्त हुने सबै body gift हरुमा खीष्टको देहको सबै सदस्यहरुको पहुंच हुनुपर्छ. पवित्र आत्माले निश्चय गर्नुभए अनुसार आवश्यक परेका बेलामा मण्डलीका प्रत्येक सदस्य मार्फत उक्त वरदानहरुको कार्यान्वयन हुन्छ. तर पनि मण्डलीका हरेक सदस्यहरुलाई सेवकाईको निम्ति बोलावट भएको हुँदैन. यो रहस्यका बारेमा हामी प्रष्ट हुनुपर्छ किनभने परमेश्वरले नियुक्त नगर्नु भएको सेवकाई प्राप्त गर्न हामी त्यसपछि सघर्ष गर्नेछैनौं. यदि हामीले Body Gift लाई सेवकाईको बोलावट ठान्ने भूल गऱ्यौं भने हामी आफू र अरुहरुलाई पनि कष्टमा पार्दै भ्रमको सृजना गर्नेछौं.

## ग. सेवकाई निश्चित गर्ने चार मुख्य तत्वहरु

### १. परमेश्वरको बोलावटमा स्पष्ट धारणा

परमेश्वरबाट कामको निम्ति प्रष्ट बोलावट नभएसम्म सेवकाईमा आवश्यक स्वतन्त्रता र सामर्थ्यपूर्वक हामी केही गर्न सक्दैनौ. धेरै क्रिश्चियनहरु परमेश्वरको सेवा र त्यसको निम्ति स्वयममा उत्पन्न इच्छा बीचमा भ्रममा परेका छन्. परमेश्वरले वास्तवमा चाहनुभएको आफ्नो प्रेम र शक्ति प्रकट गर्न सक्ने एउटा सम्पूर्ण तयार र प्रभावकारी शरीर (मण्डली) हो. एउटा यस्तो व्यक्ति हुनका निम्ति हामी उहाँको सत्यतामा जिउनुपर्छ. जे गर्नको निम्ति हामीलाई बोलाइएको छ त्यसैमा स्थीर रहनुपर्छ तर आकर्षक देखापर्ने कुनैपनि अन्य कुराहरुपट्टि हामी लाग्नुहुदैन. परमेश्वरको सामर्थ्यमा रहेर उहाँसित सिक्ने मनको हामी भएमा हामीलाई केही काम गर्न बोलाइए तापनि त्यस बोलावटमा फलवन्त हुनसक्छौं. परमेश्वरबाट जोसुकैलाई बोलावट भएको भएपनि र

जुनसुकै पृष्ठभूमिबाट आएको भएपनि परमेश्वरको इच्छा र त्यस बोलावटभित्र तिनीहरु रहेका छन भने तिनीहरुले ठूला-ठूला काम गर्न सक्नेछन् र परमेश्वरको निम्ति आफैमा असाधारण (काम गर्न सक्ने) क्षमता हुनेछ.

२. जिम्मेवारी पूरा गर्ने मन

परमेश्वरको सेवकाईमा गरेका प्रत्येक अनुभवहरुमा हामी आनन्द मनाउन सक्छौं भन्ने यसको अर्थ होइन. हामीमाथिको कामको बोझको अधिकताले हामी खत्तम हुन लागेको जस्तो कहिलेकाहिं अनुभव गर्छौं. कहिले चाहिँ थुप्रै काम गर्न बांकी नै भएको देख्दा हामी हतास अनुभव गर्छौं र माग अनुसार हामी कति थोरै मात्र जिम्मेवारी पूरा गर्न सकिरहेका हुन्छौं. तैपनि जसलाई उहाँले बोलाउनुहुन्छ यी कुराहरुले आफ्नो कामप्रति अझ बढी लगनशील हुन उसको आत्मालाई हौसला प्रदान गर्दछ. सौभाग्यवस यो बोलावटमा हामी सायद परमेश्वरको सेवा गर्न खुशी हुनेछौं तर यो खुशी भन्दा बढता कामप्रति गहन लगनशीलता उत्पन्न हुनेछ. यदि यसो नभएमा जब कठीन परिस्थितिबाट हामी गुज्रन्छौं त्यतिबेला हात टक्टक्याएर कामबाट पन्छिने विचार गर्नसक्छौं. परमेश्वरले हामीलाई राख्नुभएको ठाउँमा म छु भनेर जब हामी भन्न सक्छौं त्यतिबेला हामी एक किसिमको आत्मिक सन्तुष्टिले भरिन्छौं. यसले गर्दा हामी बढी फलवन्त र (आफ्नो काममा) प्रभावकारी हुन थाल्छौं र त्यसपछि हामीमा स्वतन्त्रताको भावना उत्पन्न भएर परमेश्वरको कामको निम्ति पहिला कहिल्यै नदेखिएको लगन र बल हामीमा देखिन थाल्छ.

३. वरदानहरुको प्रयोग

एउटा मानिसको सेवकाईले आफ्नो निम्ति आफैं ठाउँ तयार पार्छ. केही नगर्न वा निष्क्रिय रहनको लागि परमेश्वरले कसैलाई पनि बोलाउनुहुन्न. परमेश्वरको बोलावटमा यस्तो किसिमको बनिबनाउ गतिशीलता हुन्छ जसद्वारा व्यवहारिक तबरमा यो स्वत: प्रकट हुन्छ. उहाँको बोलावटले हृदयमा एक किसिमको आत्मिक आकांक्षामा काम गर्दछ, यो कुनै शारीरिक चाहना वा स्वेच्छा होइन. तर काममा लागिरहन तथा आफूभित्र जे छ त्यो व्यवहारमा पनि ल्याउनको निम्ति स्रोत साधन र निकासको खोजीमा ऊ निरन्तर लागिरहन्छ. अनि यस्तो चाहना परमेश्वरबाट आएको हुन्छ. यो आत्मिक लगन परमेश्वरको बोलावटको अभिन्न अंग हो र यसले जिम्मेवारी पूरा गर्नको लागि आवश्यक कदम

चाल्न एउटा व्यक्तिलाई त्यस दिशातिर डोऱ्याउंछ. जब हामीलाई परमेश्वरले बोलाउनुहुन्छ विशेष काम वा उद्देश्य पूर्तिको निम्ति उहाँले हामीलाई बताउनु भएको तथ्यको ज्ञान हामीलाई भित्री अन्तस्करणमा हुन जान्छ. त्यसकारण परमेश्वरको काम पूरा गर्न हामीलाई भएको बोलावटको निम्ति आवश्यक स्रोत र साधन हामी आफैंभित्र खोज्नसक्छौं.

**४. फल फलाउनु**

सेवकाईको वास्तविक चिन्ह फल हो. परमेश्वरको अनुग्रह सधैं नै प्रभावकारी छ र यसले हामीमा र हामीले सेवकाई पुऱ्याउने मानिसहरुको जीवनमा फल फलाउंछ. हामी उहाँद्वारा बोलाइएका हौं र वरदानले विभूषित छौं भन्ने कुराको वास्तविक साक्षी प्रभावकारिता हो. जहाँसम्म परमेश्वरको कामको सम्बन्ध छ आत्मिक वरदान र स्वाभाविक प्रतिभा बीचको अन्तर नगण्य छ. यदि हामी स्वाभाविक प्रतिभासाथ जन्मेका छौं भने तिनीहरु परमेश्वरको सेवकाईमा उपयोगि हुनका निम्ति हामी जसरी क्रूसको बाटो गरी आयौं त्यसैगरी ती प्रतिभाहरु पनि सबैभन्दा पहिला क्रूसमा समर्पण गरिनुपर्छ. हामी जे छौं र हामीसँग भएका सबैथोकहरु पनि प्रभु येशू ख्रीष्टलाई सुम्पनु पर्दछ. परमेश्वरले हाम्रो सृष्टि गर्नुभएको छ त्यसकारण हामीले जन्मैसाथ लिएर आएका जन्मसिद्ध वरदानहरु पनि उहाँले चलाउन चाहनुहुन्छ. तर त्यसो हुनको लागि तिनीहरु तथा प्रत्येक मानव अवशेष अर्थात घमण्ड, उपलब्धिहरु उहाँमा चोख्याइनुपर्छ. त्यसपछि पवित्र गरिएका कुराहरुमात्र परमेश्वरले काममा लगाउन सक्नुहुन्छ.

## घ. महत्वपूर्ण प्रश्नहरु

परमेश्वरको बोलावटमा रहेर हाम्रो जीवनको निम्ति हामी कत्तिको प्रभावकारी हुन जादैछौं त्यो कुरा तलका बुँदाहरुबाट प्रष्ट हुनजान्छ.

**१. परमेश्वरबाट तपाईलाई भएको बोलावटप्रति तपाईको प्रष्ट धारणा छ ?**

बोलावटको स्पष्ट धारणालाई स्वीकार गर्ने पहिलो प्राथमिकता हामीले अहिले बनाउनुपर्छ. यी प्रमुख पश्नहरुको उत्तर पाउन हामीलाई निम्न कुराहरुले सहायता गर्छ -

- तपाईको परिवर्तनको समयमा परमेश्वरले तपाईलाई के का निम्ति बोलाउनुभएको थियो भन्ने ठान्नुहुन्छ ?

- परमेश्वरको काममा कुन कुराप्रति तपाईंले जोश र तदारुकता अनुभव गर्नुभएको छ ?
- के कुराले तपाईंमा भित्रदेखि नै जोश उत्पन्न गर्छ ? (यर्मिया २०:९).
- मलाई यो विषयमा बोलावट भएको छ भन्ने तथ्यलाई पुष्टि गर्ने त्यस्तो कुनै वास्तविक चिन्ह तपाईंसित छ कि ?
- (यसबारेमा) तपाईंले प्रभुको वचन सुन्नुभएको छ ?
- यो बोलावटलाई अरु मानिसहरुले स्वीकार गरेका छन् ?
- तपाईंको यस बोलावटलाई अरुले स्थान दिएका छन् ?
- तपाईंको यो बोलावटको समर्थन अरुहरुले गर्लान् त ?
- तपाईंमा भएको बोलावटले अरुको जीवनमा फल फलाएको छ ?
- तपाईंको बोलावट अटाउन जीवनमा कुनै स्थान छोडनुभएको छ ?
- तपाई जहाँ कहिं जानुभए तापनि तपाईंको बोलावट कायमै रहन सक्ला वा तपाई यसप्रति अडिग रहन सक्नुहोला त ?
- तपाईंको बोलावटको यो तपाईंमा भएको बोधको स्पष्टता र अभिपुष्टि भैसकेको छ ?

**२. तपाईंको जीवनमा परमेश्वरको बोलावटलाई तपाईंले स्वीकार गर्नुभएको छ ?**

परमेश्वरको बोलावट हामीमा कतिको प्रभावकारी हुन्छ भन्ने कुरा धेरै हदसम्म हामीले जीवनमा गरेको छनौट र समर्पणतामा निर्भर हुन्छ. धेरै व्यक्तिहरुलाई परमेश्वरले दिनुभएको बोलावटलाई बेवास्ता गरेर तिनीहरुको आफ्नो जीवनमा खेलवाड गरेर तथा महत्वपूर्ण विषयहरुमा सही निर्णय गर्न बुद्धि नपुऱ्याएर तिनीहरुले ती बोलावटलाई नष्ट गरेका छन् वा त्यसमा बाधा उत्पन्न गरेका छन्. हाम्रा जीवनका आधारभूत पक्षहरुमा हामीले गरेको छनौट, जस्तै, समयको उपयोग, जीवन साथी छान्ने, हामीले पाएको मौकाहरुको परिचालन आदिबाट परमेश्वरको इच्छा हाम्रो जीवनमा पूरा हुनसक्छ कि सक्दैन भन्ने तथ्यमा ती सबैले महत्वपूर्ण भूमिका खेल्दछन्. अरु केही प्रश्नहरु यसमा समावेश गर्न सकिन्छ -

- तपाईंको बोलावट वास्तविकतामा परिणत हुने कुनै सम्भावना देख्नुभएको छ कि ?
- यसलाई यथार्थमा परिणत गर्ने के योजना बनाउनु भएको छ ?

- तपाईंको बोलावटलाई साकार पार्न अन्य कसैमाथि भरपर्नु भएको पो छ कि ?
- यसलाई वास्तविक रुपमा देख्नको निम्ति के तपाईं आवश्यक मूल्य चुकाउन तयार हुनुहुन्छ ?

**३. यो परमेश्वरको बोलावट नै हो भन्ने तपाईंलाई लागेको छ भने के तपाईंमा यसलाई पूरा गर्न क्षमता छ ?**

काम फत्ते गर्नको निम्ति हामी सधैं आफूलाई असक्षम वा अपर्याप्त ठान्छौं तर जब हामीलाई परमेश्वरले (केही काम गर्न) बोलाउनुहुन्छ, कामको सन्दर्भमा आइपर्ने सम्पूर्ण जिम्मेवारीहरु येशू खीष्टमा पूरा गर्न सक्छु भन्ने गहन भावना हामीमा उत्पन्न हुन्छ. यसको अर्थ तालीम वा अनुशासन पनि हुनसक्छ तर अझ भित्री अर्थमा हामीलाई दिइएको त्यो काम गर्नसक्ने सामर्थ्य खीष्टद्वारा हामीमा छ भन्ने आत्मविश्वास हुनुपर्दछ.

## ङ. मेरो जीवनको निम्ति लक्ष निर्धारण गर्ने

जबसम्म हामी कहाँ जादैछौं र त्यहाँ कसरी पुग्ने हो भन्ने बारेमा स्पष्ट बिचारको हामीमा बिकास हुदैन त्यतिबेलासम्म परमेश्वरले हामीबाट पूरा गराउन चाहनुभएको कुराहरु गर्न हामी सफल हुनेछैनौ. पवित्र आत्माको अगुवाईको आवश्यकतालाई कम गर्नुभन्दा यसले त्यस्तो खांचोलाई झन बढाउंछ. हाम्रो जीवनलाई योजनावद्ध गर्न र लक्ष पूरा गर्नको निम्ति हामीले उहाँसित सहयोग गरेको परमेश्वर इच्छा गर्नुहुन्छ. यो तहमा ठीक बेठीक छुट्ट्याउन सक्नको लागि परमेश्वरले हामीलाई स्वाभाविक र आत्मिक गुणले युक्त सृष्टि गर्नुभएको छ. आत्मिक रुपले भौंतारिनका निम्ति परमेश्वरले हामीलाई बोलाउनु भएको हैन तर आत्मिक सफलता हासिल गर्नका लागि बोलाउनु भएको छ. यसबारेमा हामीले चार पक्षहरुमा विचार पुऱ्याउनुपर्छ -

*१. लक्षहरु*

हाम्रो जीवनको मुख्य घटनाहरुको उद्देश्य तथा लक्षहरु के के हुन त्यो सोध्ने हामीले बानी बसाउनुपर्छ. हामी के मा दृष्टि लगाउदैछौं र परमेश्वरको निम्ति के कुरा पूरा गर्ने प्रयासमा छौं आदि. (एफिसी ५:१५-१६).

२. *अवसरहरु*

परमेश्वरको कुनैपनि साँचो बोलावटमा अवसरहरु पनि हुन्छन. एउटा व्यक्तिको वरदानले आफ्नो ठाउँ बनाइहाल्छ. हामीले आफैंसित प्रश्न गर्नुपर्ने हुन्छ, के हामी चुपचाप बसेर हाम्रो निम्ति अरु मानिस वा परिस्थितिले केही गरेको हेर्न पर्खिरहेका छौं ? वास्तवमा हामी आफैंले केही गरिसक्नुपर्ने थियो. अवसरको कमीले गर्दा हुनसक्छ हाम्रा पूर्वानुमानलाई हामीले होशियारी पूर्वक केलाउनुपर्नेछ. किनभने हामी सपनामा जिएर अरु कसैको दर्शनको नक्कल गरिरहेका हुनसक्छौं. बोलावट अनुसारको लक्ष हुनुपर्छ. आत्मिक धरातलमा परमेश्वरले हाम्रो जीवनमा निश्चित गर्नुभएको बोलावटसँग मिल्ने लक्षहरु हुनुपर्छ. अनुभवहीन क्रिश्चियनहरुले आफ्नो लक्षलाई नै बोलावट ठान्ने गल्ती गर्छन्. प्रायश: यी लक्षहरु वास्तविकतामा आधारित नभएकोले तिनीहरु सफल हुने सम्भावना कम हुन्छ. हामीले यहाँ छलफल गरेको बोलावट सेवकाईमा भएको बोलावट नै हुनुपर्छ भन्ने जरुरी छैन तर यथार्थमा परमेश्वरको निम्ति गर्नुपर्ने कामको अभिभारा उहाँले तपाईंको हृदयमा राखिदिनु भएको छ.

३. *स्रोतहरु*

परमेश्वरले विना तयारी कहिल्यै कसैलाई बोलाउनुहुन्न. व्यक्तिगत, आत्मिक वा संसारिक धरातलमा किन नहोस उहाँ हाम्रो जीवनमा जे गर्ने इच्छा गर्नुहुन्छ त्यो गर्नुहुन्छ नै. दु:खलाग्दो कुराचाहिँ यस्तो बेलामा प्रायश: हाम्रो विश्वासको ठाउँ काल्पनिक वा अनुमानले लिएको हुन्छ. आफूलाई ठीक लागेको भन्दा अर्को सत्यलाई हामी स्वीकार गर्न सक्दैनौ. हामी बढी आत्मिक तथा रहस्यमय हुन सक्दैनौ (र यस्तो देखिने प्रयत्न सम्म पनि अमिल्दो कुरा हुनजान्छ).

४. *रणकौशल*

यो एउटा साधारण धागो हो र यसले हाम्रो बोलावटलाई कार्यान्वयन हुनमा जोडने (सिउने) काम गर्छ अथवा हाम्रा लक्षहरु पूरा हुने प्रक्रियामा मदत गर्छन्. सम्भावित सबै स्रोतहरुलाई सही ठाउँमा ल्याएर तिनीहरुलाई तैयार रहेको लक्ष प्राप्त गर्न यसले निर्देशन दिंदछ.

कहिल्यै संसोधन वा परिवर्तन हुनै नसक्ने आत्मिक लक्षहरु हुदैनन्. हाम्रो जीवन स्पष्ट हुन र खारिनका निम्ति हामीलाई परमेश्वरको इच्छा र उद्देश्यको आवश्यकता छ. आत्मिक लक्षहरु भनेको नाप र वृद्धिको एउटा तह हो जसले हामी पहिले कहाँ थियौं र अहिले कहाँ जादैछौं भन्ने

कुरा हामी देख्न सक्नेछौं. तिनीहरु मानिसको प्राणमा वृद्धि र कमी देखाउने मापक यन्त्र जस्तै हुन.

च. व्यस्तता र फलदायीपन

धेरै मानिसहरु यी दुई बीचमा अल्मलिन्छन् तर सांच्चै नै भन्ने हो भने हामी केही नगरिकन पनि व्यस्त रहन सक्छौं. व्यस्तता एक खतरनाक विचलन हो किनभने यसले प्राणलाई सन्तुष्ट पार्छ. यसले गर्दा हामीले गतिलै उपलब्धि हासिल गरेका छौं भन्ने भान परिरहेको भएतापनि आत्माको लागि यसबाट कुनै लाभ हुन्न. धेरैचोटि व्यस्तताले सत्य चिन्दैन र मानिसहरुलाई तिनीहरुको काम र जीवनमा सत्य देख्नबाट वञ्चित गरिदिन्छ. आफ्नो जीवनमा तिनीहरुले के गर्नुपर्ने हो भन्ने अन्तिम प्रश्नबाट वचन मानिसहरु व्यस्तताको खोलभित्र बांच्ने गर्छन्. अहिलेलाई हाम्रो लागि पवित्र आत्माको बोलावट परमेश्वरको उत्तम स्रोतहरु, समय, धनसम्पत्ति, बल र वरदानहरु हामीले कसरी चलाएका छौं भनेर जाँच्नु हो. सकेसम्म परमेश्वरको कामको निम्ति फल फलाउन हामीले निर्धारण गरेको लक्षमा हामी इमान्दार हुनुपर्छ.

छ. आफ्नै जीवनको निम्ति म कसरी लक्ष निर्धारण गर्नसक्छु ?

आत्मिक लक्षहरुलाई छोटो समय, मध्यम र जीवनभरिको निम्ति भनेर परिभाषित गर्न सकिन्छ. पछिल्लो चाहिँले जीवनको मुख्य भाग वा जीवन पर्यन्तको निम्ति निर्देशन वा गति दिन्छ. पहिलो दुईचाहिं पछिल्लोको दास जस्तै हो किनभने तिनीहरुले सफलताको खुटकिलोको रुपमा काम गर्छन्. हाम्रो दिशालाई हामीले निरन्तर रुपमा यसबाट लक्ष प्राप्ति भयो भएन वा यसलाई कतिको लचकदार बनाउनपर्ने आदि कुराहरुबारे ठोस निर्णय लिनसक्छौं. आत्मिक लक्षहरुले हाम्रो जीवनको निम्ति एकरुपता प्रदान गर्छ.

***१. हाम्रो जीवनमा भएको परमेश्वरको बोलावट र हाम्रा लक्षहरुबीच सामञ्जस्य हुनुपर्छ***

हाम्रो जीवनमा परमेश्वरले दिन चाहनुभएको मुख्य कामबाट हामी कति छिट्टै भटकिन सक्छौं. हाम्रो जीवनमा गर्न आवश्यक देखिने थुप्रै कामहरुले हामीलाई परमेश्वरले खटाउनु भएको मुख्य जिम्मेवारीबाट

हाम्रो ध्यान अर्कैतिर मोडिदिन्छ. हामीले आफैंसित यसरी प्रश्न गर्नुपर्छ, "परमेश्वरले चाहनु भएका कुरालाई म कसरी पूरा गर्नसक्छु ?" हामी परमेश्वरको निम्ति खास उपलब्धि हासिल गर्न चाहन्छौं भने हाम्रो लक्षको सफलताको लागि मूल्य चुकाउन पनि हामी तयार हुनुपर्छ भनेर त्यसपछि हामीले मानिलिनुपर्छ. तिनीहरुलाई सफलतामा पुऱ्याउन मदत गर्न लक्षहरुलाई योजनावद्ध रुपमा व्यवस्थित गर्नुपर्छ (लक्षहरुको एउटा सूची नै तयार पार्नुपर्छ). हाम्रा लक्षहरुलाई प्रष्ट पार्दै तिनीहरुको सफलताका लागि उचित पाइलाहरु चाल्नुपर्छ. त्यसो नभएमा परिणाममा आत्मिक धमिलोपन र असमर्थता उत्पन्न हुन्छ र त्यसले हामीलाई असन्तुष्टितिर धकेल्छ.

२. ***विभिन्न लक्षहरु बीच एक अर्कामा पारस्परिक संचारको खांचोलाई हामीले थाहा पाउनुपर्छ***

हाम्रो जीवनको एउटा पक्षमा पनि सफलता हासिल गर्नाले हामीलाई जीवन्तता प्रदान गर्छ र यसरी अरु महत्वपूर्ण लक्षहरुमा पनि सफल हुन मदत गर्छ. लक्षहरु एक अर्कामाथि खप्टिन सक्छन जसले गर्दा सफलता अरु लक्षहरुमा पनि फैलिएको हामी देख्नसक्छौं. वर्तमानमा हामीले जानेका कुराहरुलाई लिएर नै हामीले आफ्नो लक्ष तयार गर्नुपर्छ. लक्ष बनाउंदा वर्तमानमा परमेश्वरको इच्छा यो हो भनेर हामीले स्पष्टगरी जानेका कुराहरुमाथि विशेष ध्यान पुऱ्याउनुपर्छ र यसलाई सफल पार्न आवश्यक पाइला चाल्नुपर्छ. लक्ष निर्धारण गर्ने कुरा पनि यसमा समावेश छ ताकि हामी उहाँको खोजी गर्दै परमेश्वरको वचनको निम्ति मर्खन्न सकौं. जुन कुराका बारेमा हामीलाई थाहै छैन त्यस सम्बन्धमा हामीले आफ्नो लक्ष निर्धारण गर्नु हुंदैन.

## ज. समयको सदुपयोग

*"कसरी हिंडछौ ध्यानसँग हेर, निर्वुद्धि मानिसजस्तो होइन, तर बुद्धिमान जस्तो. समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ."* (एफिसी ५:१५-१६).

यो अमूल्य वरदान हामीलाई एकैचोटि (फेरि फेरि होइन) दिइएको छ. प्रत्येक दिनको आरम्भ भय तथा उद्देश्यपूर्वक गर्नुपर्छ. हाम्रो अगाडि एउटा बाटो छ, जुन बाटोमा हामी फर्केर कहिल्यै आउंदैनौ. हाम्रो जीवनको हामी उत्तम व्यवस्थापक हुनुपर्दछ.

**१. विलम्ब वा समय टार्ने (गुजार्ने)**

यो समयको चोर हो. हाम्रो जीवनमा धेरै कुराहरु पछि गएर गर्न मन नै नलाग्ने त्यसता विषयहरु हुन्छन जसलाई हामी भोलि-भोलि भन्दै अर्को दिनसम्म लम्याइराख्छौं. आफूलाई मन पर्ने कुराहरुमा धेरै मानिसहरु राम्रै काम गर्छन् तर फलवन्त जीवनको रहस्य आफूलाई मन नपर्ने विषयमा पनि प्रभावकारी हुनसिक्नु हो. ठीक समयमा जिम्मेवारी पूरा गर्नुपर्ने तात्कालिकता परमेश्वरमा छ. उहाँ इश्वरीय बर्तमान (आज) मा रहेर उहाँ काम गर्नुहुन्छ (२कोरिन्थी ६:२). यसको मतलब दौडेर परमेश्वरलाई उछिन्नु हैन. परमेश्वरको वचन जब दिइन्छ त्यसलाई कार्यरुपमा परिणत गर्ने वा त्यसो गर्न सम्भव तुल्याउनु हो तर कुनै दिन त यो पूरा होला भनेर दराजमा थन्क्याउनु होइन.

**२. लक्ष र अवरोधहरु**

हाम्रो जीवनमा आइपर्ने आवश्यकता तथा खांचोहरुलाई हेर्ने दुइवटा तरीका छन् - समस्याहरु वा चुनौतीहरु. परिपक्वतामा बढनको लागि चुनौतीमा समस्याहरु पनि समावेश भएका हुन्छन् भनेर मानिलिनु हो. परमेश्वरको जन जो सांच्चै नै फलदायी छन् समस्याहरुमा कसरी व्यवहार गर्ने भनेर तिनीहरु उहाँको सहायताद्वारा सिक्छन्. समस्याहरु भनेका एक-एक गर्दै विजय प्राप्त गर्ने अवरोधहरु हुन तर तिनीहरुलाई हेरेर तर्सनका निम्ति राखिएका होइनन्.

**३. सहायताको निम्ति परमेश्वरमा निवेदनगर्नु**

हामी एक्लै छैनौ. विश्वास भनेको शरीरको सामर्थ्यमा भर पर्नु वा कुनै कुरा गर्न लक्ष निर्धारण गर्नु होइन. परमेश्वरका विश्वासी जनहरुले तिनीहरुका कार्य, दर्शन र प्रार्थनालाई व्यवस्थित तुल्याउनु हो तर ती सबैको निम्ति तिनीहरुले उहाँमा भर पर्नुपर्छ. निर्दोष चालमा हिंडनेहरुका निम्ति कुनै कुरा नलुकाउने परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ (भजन ८४:११). हाम्रो स्वभावमा नभएको तर उहाँको इच्छा पूरा गर्न आवश्यक गुणहरु वरदानहरुद्वारा उहाँ हामीलाई दिन चाहनुहुन्छ. आफ्नो हृदय खोलेर सहायताको निम्ति विनम्रता पूर्वक पिताकहाँ आउने मानिसहरुका निम्ति उहाँमा ठूलो इश्वरीय स्रोत उपलब्ध छ. त्यसको विकल्पमा हामी हाम्रो आवश्यकताहरुलाई नकार्ने, आफ्नै बलबुतामा चल्ने र शरीरको सीमित सामर्थ्यमा परमेश्वरको इच्छा पूरा गर्न पनि सक्छौं. तर यो बाटोमा हिंडदा विपत्ति र असफलता मात्र हात लाग्छ.

४. अचल, अडिग

परमेश्वरको कामको सम्बन्धमा यहाँनिर हामी येशूको तौर-तरीकाको नक्कल गर्नुपर्ने आवश्यकता देख्छौं. उहाँले भन्नुभएको थियो, "मलाई पठाउनुहुनेको इच्छा अनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो (यूहन्ना ४:३४)". धेरै मानिसहरु तिनीहरुका आधा काम वा अलपत्रमा परेका जिम्मेवारीको दल-दलमा धँसिएका हुन्छन्. त्यस्ता अपूरो जिम्मेवारीको भारले थिचिएर अन्तमा तिनीहरु हात-खुट्टा फालिदिन्छन र केही नगरी निष्क्रिय भएर रहन्छन्. हामीलाई जे गर्न भनिएको छ त्यसलाई हामीले पूरा गरेको परमेश्वर हेर्न चाहनुहुन्छ.

५. इश्वरीय निर्देशन

हामी उहाँमा प्रतिक्षारत रह्यौं भने परमेश्वरले हामीलाई पवित्र आत्माद्वारा डोऱ्याउनुहुन्छ. यसरी जब हामी दायां वा बायां मोडिन्छौं हाम्रो पछाडिबाट आएको यस्तो आवाज हामी सुन्छौं, "बाटो यो हो, यसमा हिंड" (यशैया ३०:२१).

झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. "महत्वपूर्ण प्रश्नहरु" को खण्डमा हेरेर इमान्दारीसाथ उत्तर दिनुस. यसो गर्दा दुईवटा बुँदाहरुमा ध्यान दिनुस : पहिलो, एउटा विवाहित स्त्रीको जीवनमा भएको बोलावट उनको आफ्नो श्रीमानको बोलावटसँग गांसिएको हुन्छ र त्यसकारण त्यसलाई व्याख्या गर्न मुस्किल हुनजान्छ. दोश्रोमा, येशूका सबै चेलाहरु केही काम गर्नका निम्ति बोलाइएका हुन्छन् तर सबैजना एफिसी ४:११ मा बर्णन गरिएको सेवाको निम्ति चाहिँ बोलाइएका हुँदैनन.

२. आफ्नो जीवनको लागि तपाईंले कुन आत्मिक लक्षहरु तयार पार्नुभएको छ ? तपाईंका कुनै लक्षहरु छैनन् भने अब लक्ष निर्धारण गर्ने हैन त ? यदि तपाईंका लक्षहरु छन भने तीनलाई पूरा गर्न के योजना बनाउनु भएको छ ?

३. परमेश्वरको निम्ति आफ्नो जीवनमा तपाईंले अहिलेसम्ममा कुन लक्षहरु प्राप्त गर्नुभएको छ ?

४. छोटो, मध्यम र जीवनभरीको निम्ति कुन कुरालाई लक्ष बनाउनुभएको छ ?

५. २कोरिन्थी ५:९ अनुसार तपाईंको जीवनमा साधारणत: के कुरालाई आफ्नो लक्ष बनाउनु भएको छ ?

६. परमेश्वरको काममा तपाईं व्यस्त, फलवन्त वा दुवै हुनुहुन्छ कि ?
७. आज गर्नुपर्ने काम भोलिलाई सारेर तपाईंको समय नष्ट भैरहेको छ कि अथवा तपाईंलाई आफ्नो समय उत्पादनमूलक (फलदायी) भएको जस्तो लाग्छ ?

ञ. सारांश र प्रयोग

१. एउटा बोलावट तपाईंको जीवन पर्यन्त निर्णायक रहन्छ (यसै वरिपरि मानो जीवन घुमिरहेको हुन्छ).
२. सेवकाईमा भएको बोलावटले यस्तै क्रियाकलाप उत्पन्न गर्नुपर्छ र फलहरु फलाउनुपर्छ.
३. हाम्रो क्षमताको पूरा वा अलिकतिमात्र विकास भएको रहेछ भने पनि आफ्नो क्षमता बारेमा आफूलाई थाहा हुनुपर्छ. हाम्रो बोलावटमा बढने हाम्रो क्षमता छ भनेर हामीले जान्नैपर्छ. आनि हाम्रो बोलावटलाई अभिषेक गर्न परमेश्वरसँग विन्ती गर्नुपर्छ र सफलताको निम्ति सही योजना तर्जुमा गर्नुपर्छ.
४. बोलावटको निम्ति हामीलाई तयार पारिने भित्री (अन्तस्करण) स्वीकारोक्ति प्रायश: हृदयमा कुंदिएको हुन्छ.
५ सेवकाईमा हामी लाग्नुभन्दा अगाडि नै सदैव परमेश्वरबाट बोलावट आइसकेको हुनुपर्छ. त्यसपछि मात्र हामीले जेसुकै सामना गर्नुपरे पनि परमेश्वर त्यसमा हुनुहुन्छ भनेर हामी जान्नेछौं.
६. यदि केही नगर्ने लक्ष राख्नुभएको छ भने त्यसमा तपाईं सफल हुनहुनेछ.
७. परमेश्वरले समय (मौका) हामीलाई एकचोटी मात्र दिनुहुन्छ (समय फर्कँदैन) त्यसकारण परमेश्वरको निम्ति हाम्रा समयहरु हामीले ठीकसँग चलाउनुपर्छ. हाम्रो निम्ति परमेश्वरको इच्छा पूरा गर्न जहिले पनि हामीसँग पर्याप्त समय हुनेछ.
८. ठूलो काम पूरा गर्ने दर्शन दिनुहोस
त्यसलाई पूरा गर्ने योजना पनि प्राप्त गर्नुहोस्
यसको निम्ति संघर्ष (युद्ध) गर्न तयार हुनुहोस्
परमेश्वरले तपाईंलाई विषय दिन खुरन्धार प्रार्थना गर्नुहोस्